# सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा
## १ नं. प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्ड ५)** **सङ्ख्या : २** **प्रकाशित मिति : २०७९।०४।०१**


## भाग-२

कार्यपालिकाबाट स्वीकृत मिति:२०७९/०३/०७

## नगरसभामा र कार्यपालिकामा रहने समितिको गठन तथा कार्य सञ्चालन नियमावली, २०७९

नगरसभा तथा कार्यपालिकाको कार्यप्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा व्यवस्था भए बमोजिमका समितिहरुको गठन रसञ्चालन कार्यलाई व्यवस्थित बनाउन सिद्धिचरण नगरकार्यपालिकाले यो नियमावली जारी गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः**

१) यो नियमावलीको नाम "नगरसभा र कार्यपालिकामा रहने समितिको गठन तथा कार्य सञ्चालन नियमावली, २०७९" रहेको छ।

२) यो नियमावली सिद्धिचरण नगपालिका क्षेत्रभर लागू हुनेछ।

३) यो नियमावली स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२) **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ।

ख) "नियमावली" भन्नाले "विषयगत समितिको गठन तथा कार्यसञ्चालन नियमावली, २०७९" लाई सम्झनुपर्छ।

ग) "समिति" भन्नाले यस नियमावली बमोजिम गठन भएका विषयगत समिति र अन्य समितिलाई सम्झनुपर्छ।

घ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले नगरपालिका तथा नगरसभा एवम् नियमावली बमोजिम बनेको कार्यविधिले तोकेको कार्यलाई सम्झनु पर्छ।

## परिच्छेद-२
## सभा र कार्यपालिकामा रहने समितिहरुः

३) विभिन्न समिति गठन गर्ने:

१) ऐनको दफा ६५, ६६ र ६७ बमोजिम नगरकार्यपालिकाले देहाय बमोजिमका समितिहरु गठन गर्नेछ।

क) राजस्व परामर्श समिति

ख) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

ग) बजेट तथा कार्यक्रम तर्जुमा समिति

२) ऐनको दफा १४ बमोजिम नगरपालिकाको कार्यलाई प्रभावकारी बनाउनकार्यपालिकाले देहाय बमोजिमका विषयगत समिति गठन गर्नेछ।

क) भौतिक पूर्वाधार विकास समिति

ख) सामाजिक विकास समिति

ग) आर्थिक विकास समिति

घ) वन वातावरण तथा विपद् व्यवस्थापन समिति

ङ) संस्थागत विकास तथा सुशासन समिति

३) उपदफा ३) बमोजिमका समितिमा कार्यपालिकाले तोकेको १ जना कार्यपालिकाको सदस्य समितिको संयोजक रहनेछ।कार्यपालिकाले तोकेका अन्य २ कार्यपालिकाका सदस्य, सदस्य र विषयगत शाखाका प्रमुख सदस्य सचिव रहनेछन्।

४) नगरसभाको कार्यलाई प्रभावकारी बनाउन ऐनको दफा २२ बमोजजिम नगरसभालेकार्यपालिका एक जना संयोजक र नगरसभाका सदस्य मध्ये सभाले छानेका २ जना रहने सदस्य रहेको देहायका समितिहरु गठन गर्न सक्नेछ।

क) सार्वजनिक लेखा समिति

ख) विधायन समिति

ग) सुशासन समिति

५) कार्यपालिकाले आफ्नो कार्य व्यवस्थित गर्न ऐनको दफा १४ बमोजिम अन्य समितिहरु गठन गर्न सक्नेछ।समितिहरुमा कार्यपालिकाले निर्धारण गरेबमोजिमका सदस्यहरु रहनेछन्।

## परिच्छेद ३
## समितिहरुको काम, कर्तव्य र अधिकार

४) नियम (३) को उपनियम (१) बमोजिम गठित समितिहरुको अधिकार ऐनको दफा ६५, ६६, ६७ मा तोकिए बमोजिम हुनेछ।

५) विषयगत समितिको कार्यक्षेत्र (१) विषयगत समितिहरुको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ।

क) भौतिक पूर्वाधार विकास समितिः सडक, सामुदायिक भवन, ढलनिकास, पूल, लघु तथा साना विद्युत, सिंचाइ, शहरि विकास, सञ्चार ।

ख) सामाजिक विकास समितिः शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरिफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति।

ग) आर्थिक विकास समितिः कृषि, पशु सेवा, पर्यटन, उद्योग तथा बाणिज्य, सहकारी, वित्तीय संस्था।

घ) पूर्वाधार विकास समितिः सडक तथा पुल, सिंचाई, भवन र शहरि विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार।

ङ) वन वातावरण तथा विपद् व्यवस्थापन समितिः वन तथा भू संरक्षण, जलाधार संरक्षण, जलबायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, बारुणयन्त्र।

च) संस्थागत विकास तथा सुशासन समितिः मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तिय व्यवस्थापन, सार्वजनिक सुनुवाई, लेखापरीक्षण, सार्वजनिक सेवा प्रवाह व्यवस्थापन, सूचना प्रविधि, अन्तरनिकाय समन्वय।

२) विषयगत समितिका काम, कर्तव्य र अधिकारः विषयगत समितिहरु आफ्नो कार्यक्षेत्र भित्र पर्ने विषयगत क्षेत्रको अध्ययन, योजना तर्जुमा, योजना कार्यान्वयन, अनुगमन मूल्यांकन तथा बार्षिक बजेट तयार गर्न र मध्यकालिन खर्च संरचना तयार गर्ने कार्यमा आफ्नो विषयक्षेत्रका सम्बन्धमा सुझाव पेश गर्ने कर्तव्य हुनेछ।

३) उपदफा २) बमोजिम विषयगत समितिहरुको सुझावहरु कार्यपालिकाले ग्रहण गर्नेछ।

६) नगर सभाका समितिहरुको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

१. <u>सार्वजनिक लेखा समितिः</u> वित्तीय अनुशासन सम्बन्धी कार्य, बेरुजु अध्ययन र सोको फर्स्यौटमा सहयोग र सिफारिस, सार्वजनिक खर्चलाई मितब्ययी र पारदर्शी बनाउने कार्य ।

२. <u>विधायन समितिः</u> नगरसभामा पेश हुने विधेयकको अध्ययन र यस सम्बन्धमा सुझाव पेश गर्ने, गाउँ सभामा पेश हुने नियम, विनियम, कार्यविधिको मस्यौदा तयार गर्ने, कुनै कानूनी प्रश्न समावेश भएको नीति तथा कार्यक्रम सम्बन्धी दस्तावेज तयारी, कानून सम्बन्धी सचेतना कार्यक्रम ।

३. <u>सुशासन समितिः</u> सार्वजनिक सुनुवाई, सार्वजनिक परीषण, पञ्जिकरण व्यवस्थापन, अनुसन्धान तथा विकास, कार्यपालिकाको सेवा प्रवाहको मूल्यांकन र सुधार ।

७) नियम (३) को उपनियम (४) र (५) बमोजिम गठन हुने समितिको काम, कर्तव्य, अधिकार, कार्यादेश र कार्यप्रणाली सो समिति गठन गर्दाका बखत तोके बमोजिम हुनेछ ।

## परिच्छेद-४
## बैठक र निर्णय प्रकृया

८) **समितिहरुको बैठक प्रकृयाः**

१. तिनीहरुको बैठक आवश्यक्तानुसार बस्नेछ।

२. समितिको संयोजकले बैठकमा छलफल गर्न विषय सहितको बैठकको समय तालिका तय गर्नेछ । समितिमा ६६% सदस्यको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ ।

३. संयोजकको निर्देशानुसार सदस्य सचिवले वा संयोजक आफैंले बैठक बोलाउने छ ।

९) **समितिको निर्णय प्रकृयाः**

(क) समितिको बैठकको निर्णय सामान्यतथा सर्वसम्मतिले हुनेछ तर सर्वसम्मति हुन नसकेमा वहुमतको आधारमा हुनेछ।

(ख) समितिहरुले आफूले गरेको निर्णय बैठक पुस्तिकामा अभिलेख गर्नेछन्।

(ग) नियम (३)को उपनियम (४) र (५) बमोजिम गठित समितिले आफ्नो बार्षिक प्रतिवेदन तयार गरी नगर सभा समक्ष पेश गर्नेछन् । नगर सभाले प्रतिवेदन माथी छलफल गरी कार्यान्वयन गर्नुपर्ने भए सो को लागि कार्यपालिका समक्ष पठाउनेछ ।

(घ) यसरी प्राप्त प्रतिवेदन कार्यान्वयन गर्नु कार्यपालिकाको कर्तब्य हुनेछ।

## परिच्छेद-५
## विविध

१०) **आमन्त्रण गर्न सक्नेः** समितिले आफ्नो बैठकमा कार्यपालिकाका पदाधिकारी, सदस्य एवम् सम्बन्धित कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ। समितिले आफ्नो काम कार्यवाहीको सिलसिलामा सम्बन्धित विषयको विज्ञ वा विशेषज्ञको सेवा लिन सक्नेछ।

११) कार्यपालिकाले आवश्यकताका आधारमा नियमावलीमा संशोधन गर्न सक्नेछ।

**आज्ञाले**
**विनोद कुमार दाहाल**
**प्रमुख प्रशासकीय अधिकृत**